कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

# कृष्णनगर नगरपालिकाको संस्था दर्ता ऐन, २०८१

नगर सभाबाट निर्णय मितिः२०८१।०९।२८ गते

प्रस्तावनाः

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बैद्धीक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम कृष्णनगर नगरपालिकाको १३ औं नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "कृष्णनगर नगरपालिकाको संस्था दर्ता ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक,

सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, युवा संस्था, महिला समुह, आमा समुह, मण्डल, उपभोक्ता समिति, परिषद्, अध्ययन केन्द्र का साथै धर्मशाला, देवालय मस्जिद व्यवस्थापन समिति, टोल विकास समिति आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउंछ ।

(ख) "प्रमुख" भन्नाले नगर पालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशाशकीय अधिकृत" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारी सम्झनुपर्छ ।

(घ "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने**

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुँदैन ।

**४. संस्था दर्ताः**

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

(१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशाशकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । संस्था दर्ता गर्न नगरपालिकामा पेस हुने निवेदनको ढाँचा अनुसूची-१ मा उल्लेख गरेबमोजिम हुने छ ।

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि प्रमुख प्रशाशकीय अधिकृतले आबश्यक जांचबुंझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशाशकीय अधिकृत ले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर नगर कार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नगर कार्यपालिकाले आबश्यक जांचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशाशकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशाशकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ । संस्था दर्ता भएपछि अनुसूची–२ बमोजिमको दर्ता किताबमा दर्ता गरी अभिलेख राख्नुपर्ने छ ।

(५) नगर क्षेत्र भित्र व्यापार व्यवसाय संचालन गर्ने व्यक्तीको हकमा एक वा एक भन्दा वढी व्यक्तीले नपाले तोकेको मापदण्ड पुरा गरी सम्वन्धी शाखाको सिफरिसको आधारमा दर्ता गरि दिनु पर्ने छ ।

(६) यस ऐन बमोजिम दर्ता गरिने संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्ने छ ।

**५. संस्था दर्ता नहुने:**

देहायको अवस्थामा संस्था दर्ता गर्न वाध्य नहुने:

(१) नेपालको धार्मिक, सास्कृतीक, साम्प्रदायिक सदभावमा आँच आउने, देशको सार्वभौमसत्ता, अखण्डतामा खलल पर्ने, व्यक्तीगत लाभ निर्देशित उद्देश्य

विधानमा राखेमा त्यस्तो संस्था दर्ता गरिने छैन ।

**६. संगठित संस्था मानिने:**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्नसक्नेछ । तर सरकारी निकायको वजेट कार्यान्वयण गर्न दर्ता हुने उपभोत्ता समितिको हकमा यो उप दफा लागु हुने छैन ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति:**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको बिधान बिरुद्वसंस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशाशकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशाशकीय अधिकृतले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्व कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख लाई नगरपालिकाले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**८. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम नगरपालिकामा अभिलेख दर्ता गराउनु पर्नेछ ।

**९. संस्थाको उद्देश्यहरुमा हेरफेर:**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सम्वन्धीत संस्थाहरुको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न प्रमुख प्रशाशकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**१०. हिसावको विवरण पठाउनु पर्ने:**

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ ।

**११. हिसाव जाँच गर्ने:**

(१) नगरपालिकाले आबश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत प्रमुख प्रशाशकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशाशकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशाशकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशाशकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**१२. निर्देशन दिने:**

(१) नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. दण्ड सजाय:**

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही दुई हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई नगर प्रमुखले जनही पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगर प्रमुखलेले पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशाशकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशाशकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदनः**

(१) दफा १२ बमोजिम प्रमुख प्रशाशकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१५. संस्थाको बिघटन वा त्यस्को परिणामः**

(१)संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाका जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

**१६. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन नगर कार्यपालिकाले नियम, निर्देशिका, तथा मापदण्ड, आदि बनाउन सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः**

(१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यबस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१८. खारेजी वा वा बचाउः**

(१) संस्था दर्ता ऐन , २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ। सो को अभिलेखिकरण अनिवार्य नगरपालिकामा गराउनु पर्ने छ ।

अनुसूची–१

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

(संस्था दर्ता गर्न दिने निवेदनको ढाँचा)

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
कृष्णनगर नरपालिका ।

हामीले ................................ सम्बन्धी संस्था खोल्न चाहेकोले कृष्णनगर नगरपालिकाको संस्था दर्ता ऐन, २०८१ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**विवरण**

१. संस्थाको नाम :

२. संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

३. समितिका पदाधिकारी/सदस्यहरुको:–

| नाम | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|
| (क) | | | |
| (ख) | | | |
| (ग) | | | |

४. संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोत :

५. कार्यालयको ठेगाना :

मिति :

हस्ताक्षर:

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

# अनुसूची–२

**दफा ४ को उपदफा (४) सँग सम्बन्धित**

(दर्ता किताबको ढाँचा)

## संस्थाको दर्ता किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनुसूची–३

दफा ४ को उपदफा (६) सँग सम्बन्धित

प्रमाणपत्रको ढाँचा

## संस्था दर्ता प्रमाणपत्र

श्री अध्यक्ष/सचिव,

.....................................।

..................................... (संस्थाको नाम) कृष्णनगर नगरपालिका संस्था दर्ता तथा ऐन, २०८१ को दफा ४ बमोजिम .......... साल ........... महिना ......... गते दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता अधिकारीको सही :

पुरा नाम, थर :

दर्जा :

कार्यालय :

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाण पत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

अनुसूची –४

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

संस्थाको विधानको नमूना

# ...............................................को विधान

...........

प्रस्तावनाः ..............................को विधान कृष्णनगर नगरपालिका संस्था दर्ता ऐन, २०८१ को अधीनमा रही तर्जुमा गरिएको छ ।

## परिच्छेद-१

**१. संस्थाको नाम :** यस संस्थाको नाम ......................................... हुनेछ ।

**क) संस्थाको कार्यालय रहने ठेगाना :** यस संस्थाको कार्या.......................................मा रहने छ ।

**ख) संस्थाको कार्यक्षेत्र :**यस संस्थाको कार्यक्षेत्र कृष्णनगर नगरपालिका भरी हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

क)**"बिधान"** भन्नाले यो बिधान ..................................... तथा अंग्रेजीमा ........................ छोटकरीमा ( .................) को बिधान .................... भनिने छ ।

ख) **"कार्यसमिति"** भन्नाले यस संस्थाको साधारण सभा सदस्यहरुबाट निर्वाचित प्रतिनिधिहरुको समिति बुझ्नु पर्छ ।

ग) **"स्थानीय अधिकारी"** भन्नाले कृष्णनगर नगरपालिकाको प्रमुख प्रशासकीय तथा संस्था दर्ता गर्ने अधिकारीलाई जनाउँदछ ।

घ)**"सदस्य "**भन्नाले यस संस्थाको बिधान स्विकार गरी सदस्यता ग्रहण गरेको सदस्यलाई जनाउने छ

ङ)**"सभा"** भन्नाले यस संस्थको बिधान अनुसार सबै सदस्यहरुको सहभागीता रहेको साधार सदस्यहरुको सभालाई बुझ्नुपर्छ ।

च)**"पदाधिकारी "**भन्नाले यस संस्थाका कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र सदस्यलाई जनाउनेछ ।

छ)**"विनियम"** भन्नाले यस बिधान अनुसार कार्यसमितिले बनाएका नियम बिनियमहरुलाई जनाउने छ ।

### ३. संस्थाको छाप र चिन्ह

क) यस संस्थाको छाप तथा चिन्हको नमुना अनुसुची -१ वमोजिम हुनेछ ।

## परिच्छेद-२

**४. संस्थाको उद्देश्य :** प्रचलित कानूनको अधिनमा रही यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क)

ख)

ग)

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-** यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ -

क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर , टेलिफोन , टाइपराइटर ,फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिइ प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्नेछ ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने छ ।

## परिच्छेद-३

**सदस्यता**

**६. सदस्यताको वर्गीकरण :-**

(क) साधारण सदस्य
(ख) मानार्थ सदस्य
(ग) आजीवन सदस्य

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

क) जाती, धर्म, लिंग, पेशामा भेदभाव नराखी देहायको शर्त पूरा गरेको कुनै पनि नेपाली नागरिक यस संस्थाको सदस्य हुन योग्य मानिनेछ ।

ख)१८ बर्ष उमेर पुरा भएको नागरिक ।
ग)कानूनले अयोग्य नठहराएको तथा मगज नबिग्रिएको ।
घ)सामाजिक कार्यको लागी प्रतिबद्ध भएको तथा विधान र नियम पालन गर्न इच्छुक व्यक्ति यस संस्थाको सदस्य हुन सक्नेछन् ।

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :** देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्नेछैन :-

क) गैर नेपाली नागरिक र १८ वर्ष उमेर पूरा नगरेको,
ख) मगज बिग्रेको वा बौलाएको ,
ग) दामासाहीमा परेको ,
घ) कुनै प्रकारको चोरी ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजायँ पाइ सजायँ पाएको एक वर्ष.भित्र,
ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ,
च) सदस्यता शुल्क बुझाउन बाँकी भएको ,

**९.देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन:**

क) दफा (८) बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएको ,
ख) साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा ,
ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ,
घ) संस्थाको कामकारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भए, कुनै व्यक्तिलाई संस्थामा नियुक्त हुने वा बहालै रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

(क) बिधानको धारा अनुसार योग्यता पुगेको व्यक्तिले मात्र साधारण सदस्यता लिन सक्नेछ ।
(ख) साधारण सदस्य साधारण सभाको सदस्य हुनेछ ।
(ग) साधारण सदस्यता प्राप्तीको लागि प्रवेश शुल्क रु. ....../- र सदस्यता शुल्क रु. ...../- तिर्नु पर्नेछ ।
(घ) प्रत्येक आर्थिक बर्षमा सदस्यता नबिकरण शुल्क रु..../- तिरी सदस्यता नविकरण गर्नु पर्नेछ ।
(ङ) आजीवन सदस्यका लागि रु. ......./-

## परिच्छेद - ४

### साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था :

११. संस्थाको सभा बोलाउने तरीका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरु:

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :
(क) वार्षिक साधारण सभा र
(ख) बिशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

(४) उप-दफा (३) बमोजिम बोलाईएको साधारण सभामा दफा १४ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाईनेछ ।

**(५) साधारण सभाको काम कर्तव्य :**

क) साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

ख) साधारण सभाका सदस्यहरु मध्येबाट सम्मको कार्यसमितिको सदस्यहरुको निर्वाचन गरिनेछ ।

ग) बार्षिक प्रतिबेदन सुन्ने ।

घ) बिगतका कार्यहरुको मूल्याङ्कन गर्ने ।

ङ) आगामी योजनाको निमित्त बार्षिक बजेट पारित गर्ने ।

च) बार्षिक कार्यक्रम तयार गर्ने ।

छ) आवश्यक सुझाव तथा बिधान संसोधन गर्नु परेमा राय सल्लाह दिने तथा विधान संसोधन गर्ने ।

**१२. कार्यसमिति :**

(क) कार्यसमितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहने छ ।

| | |
|---|---|
| १) अध्यक्ष - | १ |
| २) उपाध्यक्ष - | १ |
| ३) सचिव - | १ |
| ४) कोषाध्यक्ष - | १ |
| ५) सदस्य - | ३ |
| जम्मा | ७ |

(ख) यस संस्थामा कम्तिमा ७ जनाको कार्यसमिति हुनेछ, अध्यक्ष वा उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्नेछ, अन्य सदस्या उपलब्ध भएसम्म समावेशी हुनेछन् ।

(ग) कार्यसमितिको कार्यकाल २ वर्ष हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कारण समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति भएको सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्यसमितिको बैठक आवश्यकतानुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनुपर्नेछ ।

(च) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्या कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुनेछैन ।

(ज) कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको बिषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै कितावमा लेखी राख्नुपर्ने छ र सो निर्णयको विवरण बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

(ट) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिको निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ ।

(ठ) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्यसमितिको निर्णयबाट हुनेछ ।

**१२.१ कार्यसमितिको काम कर्तव्य अधिकार :**

क) कार्यसमितिको सदस्यहरु साधारण सभा प्रति उत्तरदायी हुनेछन् ।

ख) कार्यसमितिले साधारण सभाको आयोजना प्रत्येक १ बर्षमा १ पटक गर्नु पर्नेछ ।

ग)साधारण सभाबाट पारित प्रस्तावहरुको कार्यन्वयन गर्ने ।

घ) संस्थाको लागी आवश्यक पर्ने कर्मचारी प्रचलित छनौट प्रकिया पुरा गरी नियुक्त गर्नेछ ।

ङ) थाको विधान आवश्यक सम्पूर्ण कामहरु गर्नुपर्नेछ ।

च)कार्यसमितिको बैठक नियमित रुपमा बस्नु पर्नेछ ।

छ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्नेछ ।

ज)कार्यसमितिमा पेश भएका प्रस्ताव माथि छलफल गरी निर्णय गर्नेछ ।

झ)राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग सम्पर्क तथा समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोगमा कार्यक्रम संञ्चालन गर्नेछ ।

ट)आगामि बर्षका लागि संस्थाको बजेट तयार पार्नेछ ।

ठ)सदस्यता बितरण गर्ने ।

ड)कार्यसमितिको काम कार्यवाही उपस्थित बहुमत संख्याबाट पारित हुनेछ ।

ढ)कुनै सरकारी वा गैर सरकारी संघ संस्था वा निकायबाट अनुदान प्राप्त हुने भएमा प्राप्त गर्नेछ ।

न)केन्द्रको विशेष कार्यको लागी सल्लाहकार समिति गठन तथा संरक्षक, प्रमुख मनोनित गरी कार्यविधि तोक्नेछ ।

प)वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद ६ महिना भन्दा कम समयका लागि रिक्त हुन आएमा सो अवधिका लागी कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्धारा गर्न सकिनेछ ।

फ) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको बैठक वस्ने छैन ।

ब)कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखिने छ सो निर्णयको विवरण बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

भ)संस्थाले गर्ने भनेको सम्पूर्ण कार्यसमितिको निर्णयबाट हुने ।

म)माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सवै पदाधिकारी लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

## परिच्छेद-५

**१३. काम, कर्तब्य र अधिकार :-**

**क) अध्यक्ष :-**

१)कार्यसमितिको अध्यक्ष संस्थाको प्रमुख हुनेछ ।

२)साधारण सभा र कार्यसमितिको अध्यक्षता गर्ने ।

३)साधारण सभा र कार्यसमितिको बैठक प्रस्ताव पेश स्विकृती दिने ।

४)साधारण सभा वा कार्यसमितिको बैठक बोलाउने वा बोलाउन लगाउने ।

५)सभा, सेमिनार, गोष्ठी आदीमा भाग लिन आमन्त्रण भएमा भाग लिने ।

६)सदस्यहरु बिच सुमधुर सम्बन्ध कायम गराउने ।

७)संस्थाको उद्देश्य पूर्तीको लागि नगदी र जिन्सी खर्च गर्ने ।

८)आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै कुनै पदाधिकारी वा सदस्य वा कर्मचारी लाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

९)संस्थाको सिद्धान्त, आर्दश र मर्यादालाई उच्च राख्ने एवं राख्न लगाउने तथा उद्देश्य प्राप्ती का लागी संस्थालाई सबल र सक्षम संस्थाका रुपमा संञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

१०)बैठकमा बराबर मत भएमा निर्णायक मत दिने ।

११)अन्य आवश्यक कार्य गर्ने ।

**ख) उपाध्यक्ष :-**

१) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको सम्पूर्ण कार्यभार सम्हाल्ने ।

**ग) सचिव :-**

१)अध्यक्षको निर्देशन अनुसारको कार्यसमिति तथा साधारण सभाको बैठक बोलाउने ।

२)कार्यसमितिको तर्फबाट साधारण सभामा प्रतिबेदन पेश गर्ने ।

३)कार्यसमिति तथा साधारण सभाको निर्णयहरु कार्यान्वयन गर्ने ।

४)संस्थाको दैनिक कार्य संचालन गर्ने ।

५) संस्थाको उद्देश्य पूर्तीको लागी अध्यक्षले तोकेको तथा कार्यसमितिको निर्देशन पालन गर्ने ।

६)बैठक निर्णय रेकर्ड राख्ने ।

७)संस्थाको कागजात तथा तथ्याङ्क राख्ने ।

८)बिधानले तोकेको अन्य काम गर्ने ।

**घ) कोषाध्यक्ष :-**

१)संस्थाको प्रत्येक कामको लेखा राख्ने तथा र आय व्ययको हिसाब राख्ने ।

२)संस्थाको नगदी तथा जिन्सी समानको नियमानुसार लगत राख्ने ।

३)आर्थिक प्रतिबेदन तयार पार्ने ।

४)आर्थिक योजना तयार पार्ने ।

५)संस्थाको आर्थिक कारोबार गर्ने ।

६)संस्थाको तर्फ बाट असुल गर्नु पर्ने शुल्क तथा रकम असुल उपर गर्ने ।

७)कार्यसमितिले नियुक्त गरेको लेखा परिक्षकद्धारा लेखा परिक्षण गराई अनुमोदनको लागी साधारण सभामा पेश गर्ने ।

८)संस्थाको उद्देश्य पूर्तीको लागि अध्यक्षको आदेशानुसार नगदी र जिन्सी रकम खर्च गर्ने ।

**ङ) सदस्य :-**

१)अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षको निर्देशानुसार कार्य गर्ने तथा केन्द्रको हितको लागी सल्लाह र सुझाव प्रदान गर्ने तथा सक्रिय सहभागिताको रुपमा काम गर्ने ।

२)अन्य आवश्यक कार्यहरु गर्ने ।

**१४. गणपुरक संख्या :** कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुनेछैन ।

तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कुल संस्थाको सदस्य संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

## परिच्छेद-६

**१५. संस्थाको कोष :** (१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका बमोजिम प्राप्त रकमहरु रहनेछन् ।

(क) सदस्यता शुल्क बापत प्राप्त रकम,

(ख) कसैले स्वइच्छाले दिएको अनुदान रकम,

(२) विदेशी संघ संस्थाबाट अनुदान रकम लिने भए समाज कल्याण परिषद ऐन २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको स्विकृति लिइनेछ ।

**१६. खाता सञ्चालन :** संस्थाको अध्यक्ष वा सचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

**१७. संस्थाको लेखा र लेखा परिक्षण :**

(१) संस्थाको आय व्ययको लेख प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिर्ष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभावाट हुनेछ ।

(५) लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष समाज कल्याण परिषद् स्थानीय अधिकारी समक्ष पेश गरिनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

**परिच्छेद-७**

**१८. निर्वाचन सम्वन्धी व्यवस्था :**

१) कार्य समितिका पदाधिकारीहरुको निर्वाचनार्थ १ निर्वाचन समिति गठन हुनेछ ।

२) निर्वाचित पदाधिकारीहरुको पदावधि ५ वर्षको हुनेछ ।

३) निर्वाचन समितिले यस संस्थाका सदस्यहरुलाई मतदाता मानी आवश्यक व्यवस्था मिलाई निर्वाचन गराउने ।

४) कुनै पदाधिकारीको पद रिक्त हुन आएमा नियमित प्रकिया अपनाई निर्वाचन गरिनेछ ।

**१९. उम्मेदवार हुने योग्यता :**

(क) नेपालको नागरिक हुनु पर्ने ।

(ख) संस्थाको सदस्यता प्राप्त गरेको साक्षर ब्यक्ति हुनुपर्ने ।

(ग) कुनै पनि प्रकारको अभियोग नलागेको हुनु पर्ने ।

**२०. अविश्वासको प्रस्ताव :**

संस्थाको निर्णय र विधानलाई नटेरी जबरजस्ती काम गर्ने र संस्थाको अहित हुने कार्य गरेमा वा आर्थिक हिनामिना गरेमा अविश्वासको प्रस्ताव संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यले हस्ताक्षर गरी प्रस्ताव पेश गर्न सकिनेछ र साधारण सभा/विशेष साधारण सभा को २/३ बहुमत बाट प्रस्ताव पास हुनेछ ।

**२१. बिधान संशोधन :**

कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संख्याको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२२. विनियम वनाउन सक्ने** : संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाइ दिनुपर्नेछ ।

**२३. तदर्थ समिति** : यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र बिधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नु पर्नेछ । सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ ।

**२४. संस्था खारेजी :**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन ।

(४) संस्था खारेज भएमा संस्थाको जायजेथा (सम्पति) नेपाल सरकारमा सर्नेछ ।

**२५. ऐन अनुसार हुने** : यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग बाझिन गएका कुराहरु स्वत: निष्कृय हुनेछन । संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारमा असर पार्ने छैन र कानून विपरित कार्य गर्नेछैन ।

**२६. विविध :**

क) स्थानीय अधिकारीको स्वीकृतीलिई संस्थाको उद्देश्य पूर्तीका लागि आवश्यक निर्णय लिनेछ तथा आवश्यक नियमावली बनाई लागु गर्नेछ ।

ख) संस्थाको उद्येश्य पुरा गर्न सहयोग पुग्ने गरी । आवश्यकता अनुसार बिभिन्न समिति,उप समितिहरु गठन गर्न सकिनेछ ।

## अनुसूची-१
(दफा ३ (क) सँग सम्बन्धित)

**संस्थाको लोगो/ चिन्ह/छापसम्बन्धी विवरण**

संस्थाको छापमा रहने विवरणः

यस विधानबमोजिम संस्थाले प्रयोग गर्ने लोगो/छाप ................................ हुने छ।

१. संस्थाको छाप अण्डाकार, गोलाकार वा ........... हुने छ।

२. छापको घेरा वरिपरी .................... लेखिएको हुने छ।

३.छापको ......... स्थानमा मिति उल्लेख हुने छ।

४. अन्य कुनै चिन्ह वा विवरण भए सोही अनुसार व्याख्या गर्ने।

५. छाप तपसिल अनुसारको हुनेछ भनि उल्लेखित विवरण अनुसारको छाप रेखा चिन्हमा स्पष्ट रुपमा लेखिएको हुनुपर्ने छ।

तपसिलः